# प्रदेश सभा

# सामाजिक विकास समिति

सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

**बैठक संख्याः०९**

**मितिः२०८०।०६।१४**

## छलफल तथा निर्णय

निर्णय १

प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र धनगढीबाट खरिद गर्न लागिएका स्वास्थ्य प्रयोगशाला उपकरण खरिद सम्बन्धी टेण्डर नं. IPF NO: PHLMCSP/G/NCB-2.1/2080-2081 मा बालाजी सर्जिकल सप्लायर्स धनगढीबाट उजुरी परेकोले हाललाई टेण्डर प्रक्रियाका सम्बन्धमा बुझ्नका लागि केही समय उक्त खरिद प्रक्रिया स्थगित गर्न सामाजिक विकास मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो।

निर्णय २

प्रदेश स्वास्थ्य आपुर्ति केन्द्र धनगढीबाट खरिद गर्न लागिएका स्वास्थ्य प्रयोगशाला उपकरण खरिद सम्बन्धी टेण्डर नं. IPF NO: PHLMCSP/G/NCB-2.1/2080-2081 का आवश्यक सम्पुर्ण कागजातहरु मिति २०८०।०६।१७ गते विहान ११:०० बजे भित्र सामाजिक विकास समितिमा प्राप्त हुने गरी उपलब्ध गराउने व्यवस्था मिलाउन सामाजिक विकास मन्त्रालयलाई पत्राचार गर्ने निर्णय गरियो।

निर्णय ३

गेटा मेडिकल कलेजका बायोमेडिकल इन्जिनियर श्री हरेन्द्र चटौतलाई समितिको मिति २०८०।०६।१७ गते दिउँसो २:०० बजे बस्ने बैठकमा बोलाउन पत्राचार गर्ने निर्णय गरियो।

निर्णय ४

मिति २०८०।०६।१८ गते महाकाली प्रादेशिक अस्पताल, मिति २०८०।०६।१९ गते सेती प्रादेशिक अस्पताल धनगढी र मिति २०८०।०६।२१ गते टिकापुर अस्पताल सामाजिक विकास समितिबाट अनुगमन गर्न आवश्यक प्रक्रिया मिलाउन समिति सचिवालयलाई निर्देशन दिने निर्णय गरियो।